**निर्णय नं. १:**

वर्तमान कोभिड-१९ रोगको व्यवस्थापनको लागि निम्नानुसार निर्णय गरियो ।

१. यस रोग सम्बन्धि सचेतनाको लागि यूवा र विद्यार्थी संगठनलाई परिचालन गर्ने ।

२. पाउँरोटी उद्योगहरुलाई पसलहरुमा मात्र विक्री वितरण गर्न र खुल्लारुपमा विक्री वितरण नगर्न आग्रह गर्ने ।

३. आईसोलेसन सेन्टरमा बस्ने, कन्ट्रयाक्ट ट्रेसिङ्ग गर्ने स्वास्थ्यकर्मीहरुको सेवा सुविधा थप गर्ने ।

४. टोल विकास संस्थाहरुलाई परिचालन गर्ने ।

५. कोरोना विमाको सिफारिस दस्तुर छुट दिने र निवेदन दस्तुर रु. २० मात्र लिने ।

६. आईसोलन सेन्टरमा अक्सिजन सिलिण्डरको व्यवस्था गरी कोभिड १९ का विरामीलाई अक्सिजन दिने व्यवस्था मिलाउने ।

७. स्वास्थ्यका प्राविधिकको सुविधा तपसिल वमोजिम हुने गरी उपलब्ध गराउने निर्णय गरियो ।

क. आईसोलेसनमा खटिने स्वास्थ्यकर्मी

ख. CTCI टिममा खटिने

ग. क्वारेन्टाईनमा खटिने स्वास्थ्यकर्मी

घ. एम्वुलेन्स ड्राईभर, सरसफाईकर्मी, स्वीपर, सुरक्षाकर्मीहरुलाई Duty अनुसार उपलब्ध गराउने ।

| सि. नं. | काम गर्ने टिम, व्यक्ति | कार्य विवरण | खटिने दिन/जना | दर/प्रतिदिन (रु.) |
|---|---|---|---|---|
| १ | सि.आई. सि.टी. टिम, ल्याव टिम, अनुगमन व्यवस्थापन टिम | कोभिड १९ पोजिटिभ केश व्यवस्थापन, कन्ट्रयाक्ट ट्रेसिङ्ग, पिसिआर को लागि स्वाव कलेक्सन, क्वारेन्टाईन अनुगमन व्यवस्थापन | हप्तामा ३ दिन वा आवश्यकता अनुसार जम्मा ९ जना | ५००।- |
| २ | फिवर क्लिनिक तथा स्वास्थ्य परिक्षण गर्ने स्वास्थ्यकर्मी | फिवर क्लिनिक तथा क्वारेन्टाईनमा बस्ने व्यक्तिहरुलाई दैनिक स्वास्थ्य परिक्षण गर्ने | ड्यूटी अनुसार जम्मा १४ जना | ५००।- |
| ३ | एम्वुलेन्स चालक | कोभिड १९ पोजिटिभ केश अस्पताल तथा पुऱ्याउने | खटिए अनुसार जम्मा १ जना | ५००।- |
| ४ | क्वारेन्टाईनका व्यक्ति बोक्ने गाडि ड्राईभर र सुरक्षाकर्मी र सरसफाईकर्मी | विदेशबाट आएका व्यक्तिहरुलाई क्वारेन्टाईन पुऱ्याउने, पिसिआर परिक्षणमा व्यक्ति ल्याउने, लाने, स्याम्पल भरतपुर पुऱ्याउने | खटिए अनुसार जम्मा ४ जना | ५००।- |

**निर्णय नं. २:**

पूर्व पश्चिम राजमार्गको रत्ननगर नगरपालिका अन्तर्गत पर्ने टाँडी चोकदेखि निपनीसम्मको सडक, सडक डिभिजन कार्यालयबाट फुटपाथ, सर्भिस लेन, ग्रिनरी सहित ६ लेनको सडक निर्माण भईरहेकोमा सडकको उत्तरतर्फ केही मागमा कार्य सम्पन्न भएको र बाँकी भागमा अधुरो रहेको हुँदा आवत जावत र सवारी व्यवस्थापनमा कठिनाई हुनाको साथै धुलोको कारणले मानवीय स्वास्थ्यमा समेत प्रतिकुल असर पर्न गएकोले निर्माण कार्य यथासिघ्र सम्पन्न गर्न नेपाल सरकार भौतिक योजना तथा पूर्वाधार मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३:**

पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी कार्यक्रम मार्फत पर्यटन पूर्वाधारसंग सम्बन्धित योजना माग भएकोमा यस नगरपालिकाबाट वडा नं. ८ मा वाटर किङडम तथा भ्यू टावर निर्माण योजना छनौट गरी पठाउने र कुल लागत अनुमानको ३५% हुन आउने रकम सम्पुरक कोषमा विनियोजित रकमबाट व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं. ४:**

चितवन जिल्ला खैरहनी नगरपालिका वडा नं. १ स्थित नविन निर्माण सेवाको तर्फबाट अख्तियार प्राप्त गरी र आफ्नो हकमा समेत ऐ. को प्रोपाइटर ऐ. ऐ. बस्ने गोकुल बहादुर थापाको छोरा वर्ष ४६ को नविन कुमार थापाले यस रत्ननगर नगरपालिकाको कार्यालय, रत्ननगर, चितवनका उपरमा चितवन जिल्ला अदालतमा **०७७-CP-००४७** को मिलान गराई रकम दिलाई पाउँ मुद्धाको फिराद पत्र दायर गर्नु भई यस नगरपालिकाको कार्यालयको नाउँमा जारी भएको २१(एक्काईस) दिने म्याद सूचना मिति २०७७।०४।२६ मा तामेल भएकोमा कोभिड-१९ को कारण म्यादै भित्र प्रतिउत्तर दर्ता गर्न नसकेको हुँदा अड्डा खुली सुचारु भएपछि उक्त मुद्धाको प्रतिउत्तर दर्ता गरी मुद्धाको पुर्पक्षमा रहन यसै कार्यालयका सहायक पाचौं तहका श्री देव प्रसाद पौडेललाई प्रतिनिधी मुकरर गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ५:**

पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी कार्यक्रम मार्फत पर्यटन पूर्वाधारसंग सम्बन्धित योजना माग भएकोमा यस नगरपालिकाबाट वडा नं. ६ स्थित मुनाफा रहित संस्था थारु साँस्कृतिक संग्रहालय तथा अनुसन्धान केन्द्रको गुरुयोजना निर्माण छनौट गरी पठाउने र कुल लागत अनुमानको ३५% हुन आउने रकम समपुरक कोषमा विनियोजित रकमबाट व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं. ६:**

यस नगरपालिका कार्यालय, वडा कार्यालय तथा बकुलहर रत्ननगर अस्पतालमा अत्यावश्यक कार्य सम्पादन गर्नको लागि तपसिलमा उल्लेखित कर्मचारीहरु आवश्यक भएको हुँदा स्थायी नियुक्ती भई पदस्थापन नभएसम्मको लागि रत्ननगर नगरपालिकाको सेवा करारमा कर्मचारी पदपूर्ती सम्बन्धि कार्यविधी २०७७ अनुसार सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने निर्णय गरियो ।

तपसिल:

| क्र.सं. | पदको नाम | संख्या | कैफियत |
|---|---|---|---|
| १ | सहायक कम्प्यूटर अपरेटर | २(दुई) | बकुलहर रत्ननगर अस्पतालको लागि |
| २ | स्टाफ नर्स | १(एक) | बकुलहर रत्ननगर अस्पतालको लागि |
| ३ | हल्का सवारी चालक | १(एक) | रत्ननगर नगरपालिका कार्यालयको लागि |
| ४ | कार्यालय सहयोगी | ४(चार) | रत्ननगर नगरपालिका कार्यालय/वडा कार्यालयको लागि |